(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राज्य अदालत उन्मूलन ऐन, २०१७

लालमोहर र प्रकाशन मिति

२०१७।२।२

संशोधन गर्ने ऐन

१. खारेजी र संशोधन ऐन, २०२२ — २०२२।१२।१०

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[←] — २०६६।१०।७

२०१७ सालको ऐन नं. २

[2]...................

राज्य अदालत उन्मूलन गर्नको निमित्त बनेको ऐन

शान्ति व्यवस्था र नेपालका नागरिकहरुको सुविधा कायम राख्नको लागि वर्तमान न्याय प्रशासनमा सुधार ल्याउन राज्य अदालतहरु उन्मूलन गर्नु परेकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छैठौं वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "राज्य अदालत उन्मूलन ऐन, २०१७" रहेको छ ।

(२) यो ऐन नेपाल[2].......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

---

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२. राज्य अदालत खारेज हुनेः (१) यो ऐन प्रारम्भ भएका मितिदेखि नेपाल2........... भित्र रहेका सबै राज्य अदालतहरु खारेज गरिएका छन्।

(२) उपदफा (१) बमोजिम खारेज भएका राज्य अदालतमा दायर भएका छिन्न बाँकी सबै मुद्दा मामिलाका मिसिल र छिनुवा मिसिल, असूल गर्न बाँकी दण्ड जरिबाना कैदको लगत समेतका कागजपत्र नेपाल सरकारले तोकिदिएको जिल्ला अदालतमा सर्नेछ र सो अदालतले आफूकहाँपरेको मुद्दा मामिला सरह छिन्ने, हिफाजतसँग राख्ने तथा बाँकी दण्ड जरिबाना कैद जितौरी बक्सौनी असूल गर्ने र झगडियाको बिगो भरिभराउ गरिदिनु पर्नेमा समेत नेपाल कानून बमोजिम गर्नेछ ।

➤३. ......................

४. जिल्ला अदालतबाट हेरिनेः यो ऐन प्रारम्भ भएपछि राज्य इलाकाभित्रका सबै किसिमका मुद्दा मामिला जिल्ला अदालतबाट हेरी किनारा हुनेछन् ।

५. कागजपत्र बुझाउनु पर्नेः यस ऐन बमोजिम जिल्ला अदालतमा सर्ने कागजपत्र नेपाल सरकारले तोकेको अवधिभित्र जिल्ला अदालतमा बुझाई सक्नु सबै राजा रजौटा वा राज्य अदालतमा काम गर्ने कर्मचारीको कर्तव्य हुनेछ ।

६. कागजपत्र नबुझाएमा गर्नेः दफा ५ बमोजिम बुझाउनु पर्ने कागजपत्र तोकिएको म्यादभित्र कुनै राजा रजौटाले नबुझाएमा सो कागजपत्र नबुझाएसम्म त्यस्ता राजा रजौटाको कुनै राज्यको आम्दानी नेपाल सरकारका आदेशले रोक्का हुन सक्नेछ ।

➤७. .........................

८. राज्य अदालत उन्मूलन अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि त्यसको परिणामः राज्य अदालत उन्मूलन अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि अर्कै अभिप्राय नदेखिएमा, सो खारेजी वा निष्क्रियताले,–

---

➤ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।

(क) खारेज वा निष्क्रिय हुँदाको बखत कायम नभएको कुनै कुरालाई जगाउँदैन, वा

(ख) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्दैन, वा

(ग) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्दैन, वा

(घ) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश विरुद्ध गरेको कुनै कसूर बापत गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्दैन, वा

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड, सजाय, जफतका सम्बन्धमा गरिएको कुनै तहकिकात कानूनी कारबाही वा उपायलाई असर पार्दैन र उक्त अध्यादेश कायम छँदा सरह गरी त्यस्तो कुनै तहकिकात, कानूनी कारबाही वा उपायलाई शुरु गर्न, चालू राख्न वा चालू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय वा जफत पनि गरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्यः १. नेपाल कानून (संशोधन) ऐन, २०२४ बमोजिम रुपान्तर भएका शब्दहरुः-
"गजेट" को सट्टा "राजपत्र"।

२. न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०२१ बमोजिम रुपान्तर भएका शब्दहरुः-
"इलाका अदालत" को सट्टा "जिल्ला अदालत"।

३. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः—
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

*(मिति २०८१।९।२० गते अद्यावधिक गरेको)*